# पीसविनको वार्षिक सामाजिक लेखाजोखा प्रतिवेदन

## आर्थिक बर्ष २०७७/०७८




स्थानः बुढीननदा नगरपालिका वडा नं -२, कोल्टी, बाजुरा

मितिः २०७८/०५/२८

## १. परिचय

पीसविन सामाजिक विकास, समाज रुपान्तरण र पैरवीका लागि वि.सं २०४९ साल देखि समुदाय, संजाल नेटवर्क तथा विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य गर्दै आईरहेको छ । एक वर्षमा सम्पन्न क्रियाकलापहरु र यसबाट समुदायमा परेका सकारात्मक प्रभावको साथै काम गर्दा आएका सजिला-असजिला विषय र आगामी कार्यदिशाको बारेमा समुदाय, सरोकारवाला, अधिकारवालाहरुसँग सुझाब लिन पीसविनले हरेक वर्ष सार्वजनिक रुपमा संस्थागत सामाजिक लेखाजोखा गर्दछ । हुन त बेलाबेलामा त्रैमासिक, अर्धबार्षिक तथा बार्षिक समीक्षा, कार्यक्रमका सार्वजनिक लेखापरीक्षण पनि गरिन्छन् । पीसविनको संस्थागत विकास, सुशासन, कार्यक्रमको प्रभावकारीताका लागि सामदायिक सहभागिता अभिबृद्धि गर्न टोल फ्री नं., बालहेल्प लाइन व्यवस्थापन गरेको छ । निर्माणस्थलमा पारदर्शी बोर्ड, क्रियाकलाप सम्पन्न अघि र पछि बजेट सार्वजनिक गर्दै आइरहेको छ ।

संस्थागत अवस्था, कार्यदक्षता, आर्थिक बर्षमा संचालन गरेका सबै गतिविधि माथि वार्षिक सामाजिक लेखाजोखा संचालन गर्दै आएको छ । आर्थिक बर्ष २०७७०७८ को सामाजिक लेखाजोखा बाजुरा जिल्लाको बुढीनन्दा नगरपालिकामा संचालन गरिएकोथियो ।

## २. कार्यक्रमका सहभागीहरु :

कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधी, लक्षित समुदायका प्रतिनिधी, अधिकारवाला, बाजुरा जिल्लाका सरकारी तथा गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधी, साझेदार संस्थाका प्रतिनिधी, पत्रकार समेत गरी ४९ (१० जना महिला) जनाको प्रतिनिधित्व थियो ।

सहभागीको नामवली अनुसूची - १ मा संलग्न छ ।

## ३. कार्यकमको उद्देश्यः

- **संस्थाले** आर्थिक बर्ष २०७७०७८ मा गरेका कामको बारेमा सहभागीहरुलाई सुसूचित गर्ने र सुधारका लागि सुझाब संकलन गर्ने ।
- संस्थाले प्रदान गरेको सेवा प्रति लक्षित समुदायको सुझाब संकलन गर्ने ।
- लक्षित समुदाय र सरोकारवालाहरु प्रति संस्थाको जवाफदेहिता बढाउने ।

## ४. कार्यक्रमको तयारी

पीसविनले बार्षिक सामाजिक लेखाजोखा सम्पन्न गर्नका लागि बुढिनन्दा नगरपालिका कोल्टीमा गर्ने भन्ने निर्णय गरी कार्यजिम्मेवारी विभाजन गरिएकोथियो । सहभागीको लागि पत्राचार गरिएकोथियो ।

१. कार्यक्रमको सहजीकरणका लागि वाह्यस्रोत व्यक्ति संचारकर्मी - श्री कृष्ण ओली
२. अध्यक्षता, पीसविन उपाध्यक्ष - श्री वृजन बहादुर शाही
३. स्वागत तथा प्रतिबेदन प्रस्तुतीकरणः पीसविन महासचिव - श्री लालवीर नाथ
४. प्रस्तुतीः  कार्यक्रम प्रबन्धक श्री धर्म बहादुर रोकाया
   प्रस्तुतीमा सहयोगः कार्यक्रम संयोजक श्री गोविन्द बहादुर थापा ,
५. प्रतिवेदक : कार्यक्रम संयोजक श्री राजेन्द्र नाथ योगी, र श्री मालती थापा
६. फोटो ग्राफर तथा माइन्युट : श्री गंगाराम रोकाया
७. स्थान र लजिष्टिक व्यवस्थापन : श्री कलक ओली

## ५. सामाजिक लेखाजोखा संचालन

सामाजिक लेखाजोखाको संचालन  कृष्ण ओलीले गर्नुभएको थियो । औपचारिक रुपमा संचालन भएको कार्यक्रममा अध्यक्षता पीसविन केन्द्रीय कार्यसमिति उपाध्यक्ष श्री वृजन बहादुर शाही र प्रमुख अतिथि हिमाली गाउँपालिकाका अध्यक्ष श्री गोविन्द बहादुर मल्ल रहुभएकोथियो । अतिथिको आसन ग्रहण पश्चात कार्यक्रम प्रबन्धक श्री धर्म बहादुर रोकायाले कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्नुभयो । पीसविनको आर्थिक बर्ष २०७७।०७८ मा सम्पन्न कार्यक्रम र आर्थिक बर्ष २०७८।०७९ का प्रस्तावित कार्यक्रम र कार्यनीतिका बारेमा महासचिव श्री लालवीर नाथले गर्नुभएकोथियो । प्रस्तुति-पत्र अनुसूच- २ मा संलग्न छ ।

प्रस्तुती माथि सहभागीहरुको टिप्पणी तथा सुझाव राख्न सहजकर्ताले समय उपलब्ध गराईएको थियो । सहभागीबाट आएका जिज्ञासाको बारेमा पीसविनको सम्बन्धित कार्यक्रममा कार्यरत कर्मचारीबाट प्रष्ट पारिएको थियो ।

यसपछि अतिथि बुढीनन्दा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री शेर बहादुर बुढा, हिमाली गा.पा.का उपाध्यक्ष श्री चन्दादेवी बुढा, जगन्नाथ गा.पा का उपाध्यक्ष श्री ऐना गिरी र प्रमुख अतिथि हिमाली गाउँपालिकाका अध्यक्ष गोविन्द बहादुर मल्लबाट शुभकामना तथा सुझाव मन्तव्य राखिएकोथियो । कार्यक्रमका अध्यक्ष तथा पीसविनका उपाध्यक्षबाट कार्यक्रमका सबै सहभागीहरुलाई धन्यवाद दिई आगामी दिनमा पनि पीसविनलाई सहयोग गर्न आव्हान गर्दै सहभागीहरुबाट आएका सुझाबलाई लागू गर्ने प्रतिवबद्धता सहित कार्यक्रम समापन गर्नुभएको थियो ।

## ६. कार्यक्रमको समग्र उपलब्धी

- समुदाय, सहयोगी, साझेदार, शुभचिन्तक, लाभान्वित समुदाय सबैका प्रतिको जवाफदेहिता पूरा भएको छ ।
- सुशासन, पारदर्शीताका कायम गर्ने पीसविनको संस्थागत अभ्यासमा परिपक्वता थपिएको छ ।
- संस्थागत विकास, कार्यक्रम संचालनका क्षेत्रमा सुधारका लागि सहभागीहरुबाट सुझाब प्राप्त भएकाछन् ।

## ७. सहभागीबाट आएका केही प्रतिनिधीमुलक सुझाब, सल्लाह र जिज्ञासा

- "हरेक समूह, समितिमा महिलाको प्रतिनिधित्व बढ्नुमा लामो समय देखि पीविनले महिला नेतृत्व क्षमता विकासमा गरेको कार्यलाई पक्कै पनि जस जान्छ । हामीलाई महिला अधिकारका बारेमा पीसविनले सिकाएको हो । आगामी दिनमा महिलाको जीविकोपार्जन सुधारमा जोड दिने खालका कार्यक्रम गर्न म पीसविनलाई सुझाब दिन चाहान्छु ।"
  -सुशिला शाही, बुढीनन्दा नगरपालिका स्तरीय महिला अधिकार मञ्च

- "पीसविनले गरेको काम धेरै राम्रो छ । कर्मचारी खटन-पटन राम्रो रहेको, जनतालाई अधिकार र कर्तव्यका बारेमा लामो समय देखि सिकाउँदै आएको छ । बाल अधिकारका

बारेमा बाजुरामा सबैभन्दा पहिले पीसविन बाजुराले नै गाउँगाउँमा बालसमूहको गठन गरेर जानकारी गरेकोथियो । देशमा सशस्त्र द्वन्द्वको संकटकाल हुँदा मैले पनि पीसविनमा काम गरेको थिएँ । अहिले म रेडियो शिम्भुनाथ एम.एम.को सञ्चालक छु । अब पीसविन बाजुराले सञ्चार माध्यम मार्फत समुदायमा जनचेतना फैलाओस, धन्यबाद ।"

-सर्पलाल गिरी, शिम्भुनाथ एफ. एम.

- "छाउपडी बार्ने कुप्रथा अन्त्य गर्न पीसविनले ठूलो भूमीका खेलेको हुँदा म पीसविन बाजुरालाई धन्यबाद दिन चाहन्छु । आगामी दिनमा पनि छाउपडी बार्ने कुप्रथा अन्त्य र सुशासन कायम गर्न समुदायमा कार्यक्रम निरन्तर सञ्चालन गरिरहोस् ।"

  - राजन कुमार रोकाया, वडा अध्यक्ष, बुढीनन्दा नगरपालिका, वडा नं.- ४

- "पीसविनले दूरदराजमा रहेका गाउँमा गएर जनताहरुलाई आफ्नो अधिकारका बारेका बोल्न सिकाएको छ । यस अर्थमा म पीसविन बाजुरालाई हृदय देखि कृतज्ञता व्यक्त गर्न चाहन्छु । आगामी दिनमा पीसविन बाजुराले जनचेतना भन्दा पनि भौतिक निर्माणमा जोड दिएको भए वढी उपलब्धिमुलक हुनेछ ।"

  - विष्णुलाल पाण्डे, शिक्षा शाखा प्रमुख  हिमाली गा.पा.

- "पीसविन बाजुराले जनतालाई कोभिड-१९ महामारीबाट बच्नका लागि स्वास्थ्य सामग्री वितरण गरेको थियो । यसले ठूलो गुन लगाएको छ । अन्य क्षेत्रमा पनि राम्रो काम गरेको छ । म पीसविनलाई धन्यवाद व्यक्त गर्दछु । साथै अन्य संघ/सस्थालाई पनि पीसविन बाजुराको जस्तै काम गर्न आग्रह गर्दछु ।"

  -भिम बहादुर कार्की, वडा अध्यक्ष बुढीनन्दा न.पा.- २

- "नगरपालिकाले विभिन्न संघ-संस्थासँग समन्वय र सहकार्य गरेर अगाडि बढिरहेको छ । पीसविनले गरेको हरेक क्रियाकलापहरु जनतामुखी रहेका र त्यसबाट नागरिकले प्रत्यक्ष लाभ पाउँदै आएका छन् । आगामी दिनमा पीसविन लगायत अन्य संघ-संस्थासँग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।"

  -शेर बहादुर बुढा, प्रमुख प्रशासकिय अधिकृत बुढीनन्दा न.पा.

- "हिमाली गाउँपालिका र जगन्नाथ गाउँपालिकाले पीसविनले गर्ने हरेक कार्यक्रम तथा योजनामा  पूर्ण रुपमा सहयोग र समन्वय गर्ने प्रतिवद्धता गर्दछौं ।"

  -ऐना गिरी, उपाध्यक्ष, जगन्नाथ गा.पा./ चन्दादेवी बुढा, हिमाली गा.पा.

- "स्थानीय सरकार, पीसविन लगायत संघ-सस्थासँग समन्वय गरिरहेको र आगामी दिनमा पनि समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । एउटा गाउँपालिकाको विकास बजेट भन्दा पीसविनले गरेको खर्च बढी भएको हुँदा आगामी दिनमा भौतिक निर्माणमा समेत काम गर्न आग्रह गर्दछु ।"

  - गोविन्द बहादुर मल्ल, अध्यक्ष, हिमाली गाउँपालिका

- "पीसविन एउटा गाउँबाट सुरु भएर आज देशभर पुग्नुमा सबैको साथ, सहयोग र सुझाबले मात्र सम्भव भएको छ । आगामी दिनमा पनि आफ्नो कार्यक्षेत्र थप फराकिलो

बनाउन सबैको साथ-सहयोग र सुझावको आवश्यकता रहेको छ । प्राप्तसुझावहरुका लागि सबैलाई धन्यवाद छ ।"

- वृजन बहादुर शाही, उपाध्यक्ष, पीसविन केन्द्रीय कार्यसमिति

अनुसूची - १

| क.सँ. | नामथर | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | वृजन ब. शाही | पीसविन | उपाध्यक्ष | ९८६१००६२६९ |
| २ | गोविन्द ब. मल्ल | हिमाली गा.पा | अध्यक्ष | ९८५८०२१५२१ |
| ३ | चन्द्रादेवी बुढा | हिमाली गा.पा | उपाध्यक्ष | - |
| ४ | भिम व. कार्की | बु.न.पा २ | वडा अध्यक्ष | ९८६८०७५०६२ |
| ५ | राजन कुमार रोकाया | बु.न.पा | वडा अध्यक्ष | ९८५८०२६१२६ |
| ६ | शेर ब. बुढा | बु.न.पा | प्रमुख प्रशासकीय अधिकृत | ९८४८७०३५३७ |
| ७ | जनक ब. रोकाया | हिमाली गा.पा | प्राविधिक प्रमुख | ९८४८६२६७२८ |
| ८ | कलक ब. सिंह | बु.न.पा | भेटेनरी प्रमुख | ९८६५६४२८०५ |
| ९ | मिन ब. वि.क | बु.न.पा | जनमुखिकेन्द्र सदस्य | ९८६५६६३५४५ |
| १० | शंकलाल बुढा | बु.न.पा | कृषक समुह सदस्य | ९८६८५२१०११ |
| १२ | प्रेमकला मल्ल | हिमाली गा.पा | स्वास्थ्य शाखा प्रमुख | ९८४०१८८४०० |
| १४ | चन्द्रा धामी रेग्मी | बु.न.पा | अ.न.मी | ९८६८५८७१४१ |
| १४ | नवराज पण्डित | हिमाली गा.पा | ना.प्रा.स | ९८४८४३७०४६ |
| १५ | अनन्त पाण्डे | हिमाली गा.पा | ना.प्रा.स | ९८४८५५२९२३ |
| १६ | गौरी कार्की | हिमाली गा.पा | ना.प्रा.स | ९८६७५८३५६८ |
| १७ | रामचन्द्र खत्री | बु.न.पा ९ | निगरानी समुह  अध्यक्ष | - |
| १८ | जयलाल दानी | बु.न.पा | ना.प्रा.स | ९८६४३१७७६८ |
| १९ | अम्मकला तिरुवा | बु.न.पा २ | जनमुखिकेन्द्र सदस्य | ९८४७५४८२५१ |
| २० | रुकुम योगी | रेडियो शिम्भुनाथ एफ. एम | समाचार प्रमुख | ९७४८२११६०९ |
| २१ | लक्ष्मण रोकाया | बडीमालिका न.पा. | पत्रकार | - |

| | | | | |
|---|---|---|---|---|
| २२ | हरिप्रसाद जोशी | बु.न.पा ४ भावना आ.वि | शिक्षक | – |
| २३ | कमल बुढा | जगन्नाथ गा.पा. | कृषी प्राविधिक | ९८६७९५६१४५ |
| २४ | बसन्तराज गिरी | जगन्नाथ गा.पा | न्यायिक समिति सहायक | ९८४९३८८९९८ |
| २५ | मान ब. विष्ट | जगन्नाथ गा.पा | भेटेनरी प्राविधिक | ९८६८४८७०२१ |
| २६ | शुसिला शाही | ब.न.पा ६ | महिला मञ्च अध्यक्ष | ९८६८४४७०१६ |
| २७ | गाजली कार्की | बु.न.पा १ | यूवा समुह सदस्य | ९८६९३१५७०१ |
| २८ | टेक ब. वि.क | बु.न.पा ७ | यूवा समुह सदस्य | ९८४९०५०८८१ |
| २९ | विर ब. वि.क. | बु.न.पा ७ | हलिया समुह सदस्य | – |
| ३० | मान ब. जेठारा | बु.न.पा ७ | यूवा समुह सदस्य | – |
| ३१ | सर्पलाल गिरी | शिम्भुनाथ एफ. एम. | अध्यक्ष | ९८५८०३१३३० |
| ३२ | विष्णुलाल पाण्डे | हिमाली गा.पा | शिक्षा शाखा प्रमुख | ९८६५६२९५९३ |
| ३३ | महेश कार्की | बुढीनन्दा एफ.एम. | समाचारदाता | – |
| ३४ | जय ब. अधिकारी | हिमाली गा.पा वडा नं ७ | वडा अध्यक्ष | ९८४१२३४००८ |
| ३५ | डबल विरुवा | बु.न.पा २ | वि.व्य. स अध्यक्ष | – |
| ३६ | प्रेम रेग्मी | बु.न.पा | शिक्षा शाखा प्रमुख | – |
| ३७ | ऐना गिरी | जगन्नाथ गा.पा. | उपाध्यक्ष | – |
| ३८ | लालवीर नाथ | पीसविन | महासचिव | – |
| ३९ | धर्म ब. रोकाया | पीसविन | कार्यक्रम प्रवन्धक | ९८६८४४७०१५ |
| ४० | गोविन्द ब. थापा | पीसविन | कार्यक्रम संयोजक | ९८५८४२२६४० |
| ४१ | जयलाल वि.क | पीसविन | सुशासन संयोजक | ९८६०२४०३८४ |
| ४२ | राजेन्द्र नाथ योगी | पीसविन | कार्यक्रम संयोजक | ९८६८५७७६९१ |
| ४३ | कलक ओली | पीसविन | विकास सहायक | ९८६५७६८९४५ |
| ४४ | गंगाराम रोकाया | पीसविन | सुशासन सहजकर्ता | ९९६६५२१५१० |
| ४५ | सृष्टी विष्ट | पीसविन | विकास सहायक | – |

| | | | | |
|---|---|---|---|---|
| ४६ | मालती थापा | पीसविन | बाल प्रायोजन अधिकृत | ९८६१४१२०२९ |
| ४७ | महेश खड्का | पीसविन | जे.टि.ए | ९८६८२७८३२९ |
| ४८ | कृष्ण ओली | बाजुरा एफ.एम. | स्टेशन म्यानेजर | ९८५८४८९३८० |
| ४९ | जानकी कार्की | बु.न.पा २ | जनमुखिकेन्द्र सदस्य | – |

अनुसूची - २

**प्रस्तुति- पत्र**
**पीसविनको सामाजिक लेखाजोखा परीक्षण आ.व.२०७७।०७८**
**स्थान : बुढिनन्दा नगरपालिका, कोल्टी, बाजुरा**
**मिति : २०७८।०५।१३**
**प्रस्तोता : लालवीर नाथ**

**अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू र अन्य अतिथि ज्यूहरु,**

पीसविनबाजुरा जिल्लामा २०४९ सालमा दर्ता भएको गैरसरकारी संस्था हो । पीसविन हाल सुदुरपश्चिम र गण्डकी प्रदेशमा बाल विकास र शिक्षा, महिला र युवा नेतृत्व, जीविकोपार्जन, सुशासन, मानव अधिकार र लोकतन्त्र, प्रकोप पूर्व तयारी र भौतिक सुरक्षा, पोषण, सरसफाई र स्वास्थ्य, जलवायु अनुकूलन र वातावरण व्यवस्थापनको क्षेत्रमा काम गरिरहेको छ । यसको लक्ष्य दक्ष नागरिक, खुसि परिवार र सुखि समाज हो । हाल सम्म पीसविनले सरकारी तथा गैरसरकारी संस्थाहरु र अर्न्तराष्ट्रिय दातृ निकायहरुको साझेदारीमा मानवअधिकारको सूनिश्चिताको क्षेत्रमा काम गरिरहेको छ । सामाजिक परिवर्तनको क्षेत्रमा संचालन गरेका गतिविधिहरुर समुदायमा परेको प्रभावको बारेमा सरोकारवाला निकायहरु र लाभान्वित वर्गलाई जानकारी गराउनु कुनै पनि विकासका साझेदारहरु र नागरिकसँग प्रत्येक्ष सरोकार राख्ने संघ, संस्थाको प्रमुख दायित्वको हो । यसै सन्दर्भमागत आर्थिक वर्षमा संचालन भएका कार्यक्रमहरु, लगानी, आएका चुनौति, सिकाई र आगामी आर्थिक बर्षको कार्यदिशा प्रकास पार्ने र यहाँहरुबाट समालोचना, सुझाव सल्लाहको अपेक्षा संकलन गर्नु यस कार्यक्रमको उद्धेश्य रहेको छ ।

विगत लामो समय देखि प्रत्येक आर्थिक बर्षमा संचालन गरिदै आएको सामाजिक लेखाजोखासमीक्षा बैठक, समूह छलफल लगायतका कियाकलापहरुबाट आएका सल्लाह, सुझावहरुको कार्यान्वयनको माध्यामबाट पीसविन आजको अवस्थामा आई पुगेको छ । यस समिक्षा वैठकबाट आएका सल्लाह, सुझावहरुलाई कार्यान्वयन गर्न कार्य समिती र बार्षिक साधारण सभामा समेत छलफल भई प्रभावकारी कार्यान्वयनकालागि योजना तथा आगामी कार्यदिशा समेत तयार पारिन्छ । यो प्रतिवेदनलाई पीसविनले गत आर्थिक वर्षमा संचालन गरेका कियाकलापहरुलाई समेटेरतयार पारिएको छ ।

**आदरणीय अतिथी ज्यूहरु,**

पीसविनको बारेमा यहाँहरुलाई लागेका जिज्ञासा, चासो र गुनासोहरु खुलेर व्यक्त गर्नको लागि हामी हार्दिक अनुरोध गर्दछौं । जसले आगामी दिनमा पीसविनलाई बलियो बनाउनका साथै समाज विकासमा यहाँहरुको सहयात्राको निरन्तर सहयात्री बन्न मद्धत गर्नेछ । साथै आजको यस कार्यक्रममा भन्न नसकिने गुनासाहरु भए लेखेर दिन सक्नुहुने छ । पीसविनको पैसा नलाग्ने टोल फ्रि नं. १६६०९७५४००० मा सधैं आफ्ना गुनासा तथा जिज्ञासाहरु पनि राख्न सक्नुहुने छ ।

अब म आ.व. २०७७।०७८ को प्रगतिलाई पीसविनको परियोजनागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**प्रमुख उपलब्धिहरु:**

**१) परियोजनाको नाम : सुरक्षित गर्भपतन सेवा सबलीकरण परियोजना**

**साझेदार :** आईपास नेपाल

**परियोजनाको अवधि:** १ जुलाई २०२० देखि ३० सेप्टेम्बर २०२१

**कार्यक्षेत्र : बुढिगंगा न.पा. र गौमुल गा.पा. (अभियनमुखी कियाकलापहरु ९ वटै स्थानीय तहमा)**

**उद्देश्य:**

- सुरक्षित गर्भपतन सेवा र गर्भ निरोधक साधनको विस्तार र पहुँचमा बृद्धि भई महिला तथा किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारमा सुधार गर्ने ।

**उपलब्धी:**

- ५ वटा स्वास्थ्य संस्थालाई सुक्षित गर्भपतन् सेवा विस्तारको लागि सहजीकरण
- ३ वटास्वास्थ्य संस्थामा सुरक्षित गर्भपत्न सेवाको लागि औजार, औषधी सहयोग
- २ वटा पालिकाहरुमा स्वास्थ्यको कार्यविधि बनाउन सहजीकरण
- २५६ जना स्वास्थ्य स्वमसेविकाहरुलाई लैगिक हिसा, सुरक्षित गर्भपतन् सेवा, प्रजनन् स्वास्थ्यको बारेमा अनुशिक्षण र सामग्री सहयोग
- ५ वटा स्वास्थ्य चौकीहरुको व्यवस्थापन समितीलाई अनुशिक्षण
- १५ वटै स्वास्थ्य संस्थाका ईचार्जहरुलाई प्रजजन स्वास्थ्यको कार्यन्वनको लागि तालिम
- आमा स्वास्थ्य समूहहरुको क्षमता विकासका कियाकलापहरु संचालन
- महिला र स्वास्थ्य अधिकारको बारेमा स्थानीय सरकारसंग समन्वय, सहजीकरण र सहयोग
- लैगिक हिसा र महिला स्वास्थ्यका विभिन्न अभियानमा साझेदारी
- अभियानमुखि कियाकलापहरु संचालन गर्नको स्थानीय तहको समन्वयमा यूवा स्वमसेवकहरु परिचालन
- कोभिडको महामारीमा स्वास्थ्य संस्था, स्वयमसेविकाहरु, स्वास्थ्य कर्मीहरुलाई कोभिड सुरक्षाका सामग्रीहरु वितरण

- स्थानीय सरकारले सुरक्षित गर्भपतन्को सेवा प्रभावकारी बनाउनको लागि बजेट विनियोजन गर्ने गरेको

## २) परियोजनाको नाम : सामुदायिक विकास परियोजना

**सभ्नेदार** : गुड नेवर्स ईन्टरनेस्नल नेपाल**परियोजना अवधि** : १ जनवरी देखि ३१ डिसेम्बर २०२१

**कार्यक्षेत्र (पालिका)** : बुढीगंगा नगरपालिका र खप्तड छेडेदह गाउँपालिका

**मुख्य उद्देश्य:**

- बिद्यालयको आन्तररिक दक्षता बृद्धि तथा बिद्यार्थिको सिकाई उपलब्धि बृद्धि गर्ने ।
- बालवालिकाको शिक्षामा समतामुलक पहुच तथा सहभागिता बृद्धि गर्ने।
- विद्यालयका समितीहरुको क्षमता अभिबृद्धि।
- समुदायको स्वास्थ्य सम्वन्धि सकारात्मक व्यबहारमा सुधार गर्ने ।
- समुदायको स्वास्थ्य सम्बन्धि स्वास्थ्य अभ्यास तथा सरसफाईमा सुधार गर्ने
- बाल संरक्षण संयन्त्रलाई सुदृढीकरण गरी बाल अधिकार र बाल संरक्षणलाई प्रबद्धन गर्ने ।

**मुख्य उपलब्धी:**

- बुढीगंगा नगरपालिकामा बालविवाह न्यूनिकरण, शिक्षा रणनीतिक योजना बनाई कार्यान्वयन भैरहेको
- बालबालिकाहरुको सिकाई उपलब्धि ५१.३४ बाट बृद्धि भई २०७७ मा ५४.६३ भएको ।
- १ वटा बालविकास केन्द्रको भवन बनेको छ ।
- जम्मा ८ ओटा विद्यालयहरुमा डेस्क बेन्च सहयोग ।
- ३३ ओटा विद्यालय र बालविकास केन्द्रको शिक्षक शिक्षिकाहरुलाई आवश्यक तालिम
- सबै वडामा विद्यालयमा बालक्लव गठन भै बालअधिकारको बारेमा पैरवी गरेको
- १९९६ जना विपन्न परिवारका बालबालिकाहरुलाई बार्षिक नियमित शैक्षिक सामग्री वितरण
- बालहेल्पलाईन १०९८ मार्फत बालबालिकाका सवालहरु सम्बोधन गर्न सजिलो भएको

## ३) परियोजनाको नाम : महिनावारी स्वच्छता व्यवस्थापन

**साभ्नेदार** : गुड नेवर्स ईन्टरनेस्नल नेपाल, **परियोजना अवधि** :सेप्टेम्बर २०२० देखि २१ डिसेम्बर २०२१

**कार्यक्षेत्र (पालिका)** : बुढीगंगा, त्रिबेणी र बडीमालिका नगरपालिका, खप्तड छेडेदह र गौमुल गाउँपालिकाहरु

**मुख्य उद्देश्य :**

- महिला तथा किशोरीहरुको अधिकार तथा पहुँचमा अभिवृद्धि गर्नुका साथै ज्ञान, सीप र अभ्यासमा परीवर्तन ल्याउनकालागि समुदाय तथा समग्रगरुपमा महिनावारी सम्बन्धि विभेद न्युनिकरण गर्ने र कोभिड १९ को प्रतिकार्य योजनाको तयारीमा स्थानीय निकाय र स्वास्थ्य चौकिहरुलाई सक्षम बनाउने ।

**मुख्य उपलब्धी :**

- १२ विद्यालयमा १२ शौचालय निर्माण, २० वटा विद्यालयका शौचालय मर्मत र ८ वटा विद्यालयमा खानेपानी निर्माण ।
- महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी सुचना सामाग्रीहरु रेडियो, अनलाइन मिडिया र पत्रिका मार्फत प्रचार प्रसारण
- कोभिड १९ प्रतिकार्यकालागि विद्यालय, स्वास्थ्य चौकी,स्वास्थ्य कार्यालय,पालिकाहरुलाई कोभिड १९ सम्बन्धि सामाग्री वितरण
- महिनावारीको बारेमा स्थानीय सरकारको समन्वयमा विद्यालय, समुदाय, नागरिक समाजसंग छलफल, अर्न्तक्रिया, तालिम गोष्ठि आदी
- किशोरी शिक्षा, प्रजनन स्वास्थ्यको बारेमा स्वास्थ्य संस्थासंगको समन्वयमा अभियानमुखि कार्यक्रम संचालन

## ४) परियोजनाको नाम : महिला स्वास्थ्य परियोजना

**साझेदार: पीएसआई नेपाल**

**परियोजनाको अवधि:** अगष्ट २०२० - ३०  नोबेम्वर २०२२

**कार्यक्षेत्र : कास्की, तनहुँ, लमजुङ र नवलपुर**

**उद्देश्य :**

- सुरक्षित गर्भपतन सेवा र लामो अबधिको परिवार नियोजन सेवा सम्बन्धि पहुँच पुर्‍याउने ।
- महिलालाई परिवार नियोजनका साधन तथा गुणस्तरीय सेवा सम्बन्धि पहुँच पुर्‍याउने तथा प्रोत्साहन गर्ने ।
- महिलालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि जानकारी दिई शसक्तिकरण गराउने ।
- महिलालाई सुरक्षित गर्भपतन् तथा प्रजनन् स्वास्थ्य अधिकारको दिगोपनाका लागी सुनिश्चितता गर्ने ।

**उपलब्धी:**

- २८४ जनाले आई यू सि डी र ३६ जनाले ईनपलान्ट सेवा पाएको ।
- ४७६ जनाले सुरक्षित गर्भपतन सेवा लिएको ।
- १३,५,४३ जनालाई परिवार नियोजन तथा सुरक्षित गर्भपतन सम्बन्धि जानकारी दिईएको ।
- १ वटा स्वास्थ्य संस्था सुरक्षित गर्भपतनकालागि पालिकामा सुचिकृत भएको ।

- २५ वटा निजि स्वास्थ्य संस्थाहरुलाई परिवार नियोजना तथा सुरक्षित गर्भपतन सेवा प्रदान गर्नकालागी ओके नेटर्वक मा आवद्धताका लागी सम्झौता गरियो ।
- ९ जना सेवा प्रदायकलाई आई यु सिडी सम्बन्धि तालिम प्रदान गरियो ।
- कोभिड प्रतिकार्ययोजनामा स्थानीय सरकारलाई सहजकिरण र सहयोग गरिएको ।

**५) परियोजनाको नाम : सम्पूर्ण परियोजना**

**साझेदार** : वेल्टहंगरहिल्फे (WHH/ BMZ )

**परियोजना अवधि : परियोजनाको अवधि** जुन २०२० देखी ३१ डिसेम्वर २०२१

**कार्यक्षेत्र** : हिमाली गाउँपालिका र बुढीन्दा नगरपालिका

**उदेश्यहरु :**

- खाद्य, पोषण तथा सूचनाको अधिकारको सुनिश्चितताकालागी तथ्यमा आधारित पैरवीको माध्यमबाट स्थानीय सरकारले प्रदान गर्ने सेवाको गुणस्तरमा बृद्धि गर्ने ।
- कृषि उत्पादनमा बृद्धि गरी किसानहरुको आयआर्जनका अवसर सृजना गरी जीवकोपार्जनमा सुधार ल्याउने ।
- पोषण सम्बन्धी ज्ञानको बृद्धि र करेसाबारीको व्यबस्थापनबाट सन्तुलित आहारमा सुधार ल्याउने

**उपलब्धी :**

- ३००० घरधुरीमा तरकारी खेतीको माध्यामबाट जीविकोपार्जनमा सुधार आएको छ ।
- २ वटा स्थानीयतहहरुको वार्ड र पालिका स्तरमा गुनासो सुनुवाई संयन्त्रको स्थापना भै संचालनमा आएको ।
- ११ वटा सिचाईकुलो निर्माण बाट २३०० रोपनी जमिनमा सिचाई सुविधा पुगेको
- ९ वटा कलस्टरमा पहिरो नियन्त्रणको लागि ग्याविन जाली लगाएको ।
- २ वटा स्थानीय तहको पोषण योजना, विपत् न्यूनिकरण योजना बनाई कार्यान्वयन गरेको ।
- स्थानीय उत्पादनमा प्रबर्द्धन, बजारीकरणमा सहजीकरण गरिएको
- स्थानीय सरकारकारको समन्वयमा अभियानमूखि ( कषि, पोषण, सरसफाई, जलवायू परिवर्तन, सुशासन आदि) कियाकलापहरु संचालन भएका
- ६४ जना स्थानीय दक्ष कामदारहरुलाई भुकम्प प्रतिरोधात्मक संरचना निर्माण तालिम सम्पन्न ।
- प्रदेश सरकारसंग खाद्यको अधिकारको बारेमा छलफल कार्यकम सम्पन्न गरिएको ।

**६) परियोजना : स्थानीय अधिकार परियोजना**

**साझेदार : एक्सनएड नेपाल**

**परियोजना अवधि : १ जनवरी देखि ३१ डिसेम्वर २०२१,**

**कार्यक्षेत्र :** हिमाली र जगनाथ गापा र बुढिनन्दा नपा

**उदेश्यहरु :** विद्यालय उमेर समूहका सवै बालबालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच पुर्‍याउने ।

- १५० जना बालबालिकाहरुलाई छात्रबृत्ति सहयोग
- सिकाइ उपलब्धि बृद्धि भएको ( ४८ बाट ५३ प्रतिशत)
- ६ वटाविद्यालयहरुमा बालमैत्री संरचना निर्माण ।
- कोभिडको बन्दाबन्दिमा बैकल्पिक शिक्षाको माध्यामबाट १२ वटा विद्यालयमा शिक्षण सिकाई गर्न सहजिकरण
- विद्यालय सुशासनको बारेमा छलफल अर्न्तकिया कार्यक्रम
- बालविवाह विरुद्धको अभियान निरन्तर रुपमासंचालन,
- महिला अधिकारको र कानुनी व्यवस्थाको बारेमा जनप्रतिनिधीहरुलाई तालिम दिईएको ।
- कोभिड संक्रमीत परिवारका १७ जनालाई व्यवसाय संचालन गर्न रु २३ हजारको दरले वीऊपूँजी सहयोग पाएको ।

## ७) परियोजनाको नाम : छाउपडी बार्ने कुप्रथा बिरुद्धको अभियान

**साझेदार** : एक्सनएड नेपाल

**परियोजना अवधि : १ जनवरी ३१ डिसेम्बर २०२१**

कार्यक्षेत्र : बुढीनन्दा नगरपालिका र हिमाली र जगन्नाथ गाउँपालिका

**उदेश्यः**

- सामाजिक तथा सांस्कृतिक रुपमा रहेको गलत मान्यता तथा व्यवहारजन्य सवैखाले डर भय र उत्पिडनवाट मुक्त भई सुरक्षित र सम्मानित जीवन बांचिरहेका हुनेछन् ।

**उपलब्धीहरु :**

- बुढीनन्दा न.पा., वार्ड नं. ३ र ९ लाई छाउपडी बार्ने कुप्रथामुक्त समुदाय घोषणा गर्ने सामूहिक प्रतिवद्धता सहित हस्ताक्षर ।
- ३ वटा पालिकाले छाउपडि प्रथा न्यूनीकरण सम्वन्धि कार्यविधि तयार गरेर कार्यान्वयन गरिरहेका छन् ।
- ५१३ जना किशोरी र महिलाहरुले सेनीटरी प्याड आफै निमार्ण गरेर प्रयोग गर्न थालेका छन्
- ८ वटा विद्यालयमा किशोरीमैत्री आराम कक्षको व्यवस्थापन सहयोग गरिएको ।
- स्थानीय तहको अगुवाइमा नेपाल प्रहरी, महिला समूह र नागरिक अधिकारकर्मीहरुको सहभागितामा १२२ वटा छाउपडि गोठहरु भत्काईएका छन् ।

- कोभिड प्रभावित तथा दयनीय अवस्था भएका परिवारका ३३ जनालाई व्यवसाय संचालन गर्न रु २३ हजारको दरले वीउपुजी सहयोग पाएको ।
- ६ वटा जनमुखि कृषक समूहलाई घुम्तीकोष प्रदान ( सबै समुह गरी जम्मा एकमुष्ट रु ४,८२,०००/-)

## ८) परियोजनाको नाम : सामुदायिक झोलुंगेपुल निर्माण

**साझेदार** : टिविएसयू र स्थानीय तहहरु

**परियोजना अवधि : १ जुलाई २०२० देखि ३१ डिसेम्वर २०२१**

कार्यक्षेत्र : बाजुरा जिल्लाका ९ वटा सबै स्थानीय तह

**उद्देश्यः**

- झोलुंगे पुलनिर्माण तथा मर्मत गरेर नागरिकहरुको सहज पहुँच पुर्‍याउने

**उपलब्धीः**

- सम्पन्न झोपु जम्मा  ११
- निर्माणाधिन झोपु जम्मा  ९
- सर्वेडिजाई सम्पन्न झोपु  जम्मा १४

## ९) परियोजनाको नाम : युवा सशक्तिकरण बुलगारी परियोजना

**साझेदार** : सेभ द चिल्ड्रेन

**परियोजना अवधि : १ जनवरी २०२१ देखि ३० मेई २०२१ सम्म**

कार्यक्षेत्र : बुढीगंगा, त्रिवेणी र वडीमालिका नगरपालिकाहरु

**एद्देश्य :** शिक्षा, सीप विकास र आर्थिक गतिविधिहरु मार्फत  अवसर सिर्जना गरेर बञ्चितिकरणमा परेका बालवालिकाहरु र युवाहरुको आर्थिक अवस्थामा सुधार गर्ने ।

**उपलब्धी :**

- माद्यमिक तहमा अध्ययनरत विद्यालय बाहिर रहेका ४२ जना बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न सहयोग ।
- ३१८ जना न्युन आर्थिक अवस्था भएका, विद्यालय छोडेका र छोड्ने सम्भावना भएका बालबालिकालाई रु. १०,०००/- का दरले रु. ३१,८००००/- नगद सहयोग ।
- २१०० जना बालबालिकाहरुलाई जीवनोपयोगी तथा वित्तिय शिक्षा सीप तालिम प्रदान ।
- २१०० जना पढाइमा कमजोर बालबालिकाहरुलाई अतिरिक्त कक्षा सँचालनमा सहयोग । *(शिक्षकहरुलाई रु १४,७०,०००/- सहयोग)*

- कार्यक्षेत्रका १४ वटा माध्यमिक विद्यालयमा *(रु ५००००। प्रति विद्यालय)* रु.७,००,०००/- अक्षयकोषको स्थापना गरिएको छ ।
- ३ वटा नगरपालिकाको शिक्षा नीति, युवा नीति र जीविकोपार्जन रणनीति योजना निर्माण र अद्यावधिक गर्न सहयोग गरिएको छ ।
- ३ वटै नगरपालिकामा युवा सुचना केन्द्रको स्थापना । हाल सम्म रु.२५ लाख बराबरको समाग्री तथा अन्य व्यवस्थापकीय सहयोग गरिएको । जसमध्ये रु. ३ लाख ५० हजार बराबरको युवा सुचना केन्द्र संचालन तथा परिचालनकालागि कोष स्थापना ।
- कार्य क्षेत्रका ४ वटा सहकारी सँस्थाहरुसँगको साझेदारीमा घुम्तिकोष स्थापना ।
- तालिम प्राप्त २६५ मध्ये २२८ जनाले निरन्तर व्यवसाय सँचालन गरिरहेका ।
- व्यवसाय सुरुवात गरेका मध्ये ४४ जना युवाहरुलाई व्यवसाय सञ्चालार्थ सामाग्री सहयोग गरिएको ।
- कोभिड-१९ ले समस्यामा परेका ५६ जना युवा उद्यमीहरुलाई नगद रु १५,००० का दरले जम्मा रु. ८,४०,००० सहयोग गरिएको ।
- ९६ जनाले घरेलु तथा साना उद्योग कार्यालयमा व्यवसाय दर्ता गरी व्यवसाय सँचालन गरेका । जसमध्ये १५ जना युवा उद्यमीहरु उत्कृष्ठ उद्यमीको रुपमा सम्मानित
- जिल्लामा कोभिड सँक्रमण बढे सँगै परियोजना मार्फत ३ वटा नगरपालिकालाई ६ लाख बराबरको कोभिड प्रतिकार्यका निम्ति जिन्सि सामाग्री सहयोग ।
- ७१ घर, परिवारलाई बाढि, पहिरो तथा प्राकृतिक विपत्तिमा ६ लाख बरावरको राहत सामग्री सहयोग ।
- बडीमालिका नगरपालिकाले नगर भित्रका सम्पुर्ण सहकारीहरुलाई Child sensitive सहकारी बाल संवेदनशिल कार्यविधि निर्माण गरिएको । ***(**६१. नगरपालिका भित्रका सम्पुर्ण सहकारीहरुलाई बालमैत्री सहकारी बनाईनेछ।**)***
- कार्यक्षेत्रका नगरपालिकाहरुले आफ्नो बार्षिक योजना र कार्यक्रमबाट स्वरोजगार र घुम्तीकोषकोलागि बजेट विनियोजना गरेको । *(७४. तपाईको मेहेनत हाम्रो लगानी स्वरेजगारघुम्तीकोष कार्यक्रमलाई प्रभावकारी रुपमा सँचालनमा ल्याईनेछ।)*

## १०) परियोजनाको नाम : विद्यालय खानेपानी सुधार परियोजना

**साझेदार** : युनेस्को

**परियोजना अवधि : १ मेई २०२१ देखि ३० अक्टोवर २०२१ सम्म**

कार्यक्षेत्र : बुढीगंगा र त्रिवेणी नगरपालिकाहरु र खप्तड छेडेदह गा.पा.

**उद्धेश्य** :विद्यालयमा स्वच्छ खानीपानीको पँहुच विस्तार गर्ने ।

**उपलब्धी:**

- कार्य क्षेत्रमा २५ वटा माध्यमिक विद्यालयहरुमा खानेपानी धारा र चर्पीको निर्माण कार्य सँचालन भईरहेको ।

## विभिन्न परियोजना संचालनका क्रममा आएका प्रमुख समस्या र चुनौतीहरु

- कोभिड-१९ का कारण विद्यालयहरु निरन्तर रुपमा खुल्न नसक्दा बालबालिकाहरुको सिकाई उपलब्धीमा लक्ष्य अनुसार सुधार हुन नहुनु र समुदाय स्तरका केहि क्रियाकलापहरु संचालन गर्न कठिन हुनु ।

`

## सिकाइहरु

- प्रकोपमा काम गर्दा एकद्धार प्रणालीबाट काम गर्दा प्रभावकारी भएको ।
- स्थानीय सवालहरुको पैरवी गर्नकालागि स्थानीय सरकारको योजनामा सवालहरुको समावेश हुनुपर्ने ।

## बजेट खर्चको विवरण: आ.व.२०७७।०७८

| S. N. | परियोजनाको नाम | बार्षिक स्वीकृत तथा आम्दानी | खर्च रकम | बचत रकम | साझेदार संस्था | Remarks |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक तथा साना कार्यक्रम | ३,५३६,०५०.७८ | २,२७०,५१४.०० | १,२६५,५३६.७८ | आन्तरिक तथा साना कार्यक्रम | 16th July 2020 to 15th June 2021 |
| २ | स्थानीय कार्यक्रम | ४,८३६,९८६.०० | ४,५९१,५६२.०० | २४५,४२४.०० | एक्सनएड नेपाल | Up to 15th July 2021 |
| ३ | YEP परियोजना | ६,१९१,८१४.०० | ६,१९१,८१४.०० | ० | सेभ द चिल्ड्रेन | Up to 15th July 2021 |
| ४ | सामुदायिक विकास परियोजना | १७,५८८,५७८.०० | १६,४१७,१६५.०० | १,१७१,४१३.०० | गूडनेवर्स इन्टरनेस्नल | Up to 15th July 2021 |
| ५ | MHM परियोजना | ४७,८९८,७०९.१५ | २८,७८१,३९७.८९ | १९,११७,३११.२६ | गूडनेवर्स इन्टरनेस्नल | Up to 15th July 2021 |
| ६ | स्थानीय कार्यक्रम AADK fund | ४,७७९,२८८.०० | ४,१८९,३५९.०० | ५८९,९२९.०० | एक्सनएड नेपाल | Up to 15th July 2021 |
| ७ | ERP परियोजना | २,५५२,९६६.०० | २,३५२,९६६.०० | २००,०००.०० | एक्सनएड नेपाल | Up to 15th July 2021 |
| ८ | सूरक्षित गर्व पतन परियोजना | २,९७६,६७०.४० | २,६२४,९०२.८० | ३५१,७६७.६० | IPAS Nepal | Up to 15th July 2021 |
| ९ | सम्पुर्ण परियोजना | ४८,६४५,९६०.४५ | ४८,४७२,७४९.०० | १७३,२११.४५ | WHH | Up to 15th July 2021 |
| १० | महिला स्वास्थ्य कार्यक्रम | १४,३५०,२५४.८८ | ११,४५९,१६४.९४ | २,८९१,०८९.९४ | PSI | Up to 15th July 2021 |
| ११ | COVID-19 राहत सामग्री सहयोग परियेजना | ३,३४६,३७७.३० | ३,३४६,३७७.३० | ० | UNESCO | Up to 15th July 2021 |
| १२ | स्कूल खाने पानी सूधार परियोजना | २,१८१,८१८.०० | २९३,८०५.०० | १,८८८,०१३.०० | UNESCO | Up to 30 october 2021 |
| | | १५,८८,८५,४७२.९६ | १३,०,९,९१,७,७६.९३ | २७,८९३,६९६.०३ | | |

अनुसुची - ३

कार्यक्रमसँग सम्बन्धित फोटोहरु




सामाजिक लेखाजोखा कार्यक्रम सञ्चालन हुँदै



बु.न.पा. महिला अधिकार मञ्च, अध्यक्ष, सुशिला शाही सुझाब सल्लाह राख्नुहुँदै



सहभागीहरु सुझाब राख्दै




सामाजिक परीक्षण पश्चात सामूहिक फोटो



हिमाली गा.पा का अध्यक्ष गोविन्द बहादुर मल्ल



बु.न.पा वडा नं -४ का वडाध्यक्ष राजन कुमार रोकाया मन्तव्य राख्दै

**जय अवसर, जय विकास ॥**